नेपाल सरकार
उद्योग ,वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय
(. . . . . . . . . . . . . शाखा)
त्रिपुरेश्वर काठमाडौं, नेपाल ।

## प्रेष विज्ञप्ती

**२०७९ चैत्र १४**

कम्पनीहरुमा हुने आन्तरिक विवादको व्यवस्थापन, कानुन विपरितका कार्यहरुमा नियन्त्रण, अल्पमत शेयरधनी तथा संचालकहरुको हक हितको रक्षा, संगठीत सुशासन (Corporate Governance) को अभिबृद्धि तथा कम्पनी संचालकहरुलाई प्रचलित कानुनको अनुपालना गर्न लगाउन कम्पनी ऐन, २०६३ को परिच्छेद ९ (दफा १२० देखी १२५ सम्म) को प्रभावकारी कृयाशीलताको लागि यस कार्यालयका रजिष्ट्रारले मिति २०७९ साल चैत्र १० गते कम्पनी निरीक्षक परिचालन सम्बन्धी निर्देशिका, २०७९ स्वीकृत गरी जारी गर्नु भएको छ । उक्त निर्देशिका यस कार्यालयको वेव पेज www.ocr.gov.np मा समेत प्रकाशित भएको छ ।

नेपालको विद्यमान कम्पनी ऐनले सहकार्यमा आधारित शासकीय प्रणाली Co-Governance को परिकल्पना गरेको र सोही वमोजिम कानुन, लेखापरीक्षण, वित्त, व्यवस्थापन जस्ता क्षेत्रमा विज्ञता हासिल गरेका व्यक्तिहरुलाई कम्पनी निरीक्षकको रुपमा तोक्न सक्ने व्यवस्था गरेकोले सोही वमोजिम सम्बन्धित क्षेत्रमा व्यवसायीक इजाजत प्राप्त विज्ञव्यक्तिहरुको सहयोगमा यो जिम्मेवारी निर्वाह गरिनेछ ।

व्यवसायीक कौशल र पूँजीको उपलब्धता एकै व्यक्तिसंग हुन नसक्ने भएकोले सीमित दायित्व लिने गरी लगानी गर्ने र उक्त लगानी रकम उद्यमशील तथा कौशल भएका व्यक्तिहरुमार्फत परिचालन गरी राज्यले दिएको खुला परिवेशको उपयोग गरी अर्थोपार्जन गर्ने गरी नेपालको कम्पनी ऐन, २०६३ तर्जुमा भएको छ । उक्त कानुनी व्यवस्थाको विद्यमानताका बीच नेपालमा कम्पनीहरु संचालन गर्ने वा कम्पनीहरुमा नियन्त्रण राख्ने व्यक्तिहरु स्वयंले अनुचित लाभ लिने तथा लगानीकर्ता शेयरधनी तथा अन्य संचालकहरुलाई निजहरुको हक वमोजिमको मुनाफाबाट वञ्चित गर्ने गरेको र यसै कारणले नेपालमा लगानी एवम् विश्वासको वन्न नसकेको भन्ने गुनासो सम्बोधन गरी कम्पनीहरुमा संस्थागत सुशासन कायम गर्ने र कम्पनीका संचालकहरुलाई कम्पनीका शेयरधनीहरु प्रति जिम्मेवार वनाउने उद्देश्यले यो निर्देशिका जारी गरिएको हो । उक्त निर्देशिकाको कार्यान्वयनबाट कम्पनीहरुमा रहेको आन्तरिक विवादको व्यवस्थापन हुने, अल्पमत शेयरधनीहरुको हित रक्षा हुने तथा समग्रमा संगठीत सुशासनमा अभिबृद्धि हुने विश्वास यस कार्यालयले लिएको छ ।

यो निर्देशिका जारी भएको मितिबाट नै लागू भै सकेको छ र निर्देशिका कार्यान्वयन गर्न कार्यालयले कम्पनी प्रशासन (ङ) शाखालाई कार्य जिम्मेवारी समेत तोकिसकेको छ । आवश्यकताको आधारमा सो निर्देशिका वमोजिमको सेवा प्राप्त गर्न तथा यस कार्यालयलाई आ-आफ्नो स्थानबाट सहयोग गर्न हामी सरोकारवाला सवै समक्ष हार्दिक अनुरोध गर्दछौं ।

शेखर बाबु कार्की
सूचना अधिकारी

फोन: ४२५९९४८ (रजिष्ट्रार), ४२६३०८९, ४२६७२५६, ४२१५०७७, ४२६१८२१, ४२५९९६१ (फ्याक्स)
E-mail: info@ocr.gov.np, URL/Website : www.ocr.gov.np